नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
विद्युत विकास विभाग
(.........(अनुमतिपत्र महाशाखा)...................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्याः- २०८०/०८१(अनुमतिपत्र)
चलनी नं.:- ११९५

मितिः २०८१/२/२०

विषय : झ्याकु खोला जलविद्युत आयोजना (५.२४३ मे.वा.) दोलखाको विद्युत उत्पादनको अनुमतिपत्र (वि.उ. २५९) बारे ।

श्री गणेश हाइड्रोपावर कम्पनी प्रा.लि.
रातोपुल, गौशाला, काठमाडौं ।
सम्पर्क मोवाइल नं. : ९८५१०३८०३८ ।

प्रस्तुत विषयमा दोलखा जिल्लामा अवस्थित झ्याकु खोलामा पहिचान भएको झ्याकु खोला जलविद्युत आयोजना (५.२४३ मेगावाट)को विद्युत उत्पादनको अनुमतिपत्र (वि.उ. २५९) को विद्युत खरिद बिक्री सम्बन्धी सम्झौता तथा वित्तिय व्यवस्थापन सम्पन्न गर्नुपर्ने म्याद मिति थपको माग गरी तहांले दिएको दरखास्त माथि कारवाही हुँदा तपशिल बमोजिमको दस्तुर लगायतका कागजात विवरण अविलम्ब पेश गर्नुहुन विभागको मिति २०८१/२/१६ को निर्णयानुसार अनुरोध छ ।

**तपशिल (पेश गर्नुपर्ने कागजात विवरण) :**

१. वित्तिय व्यवस्था तथा विद्युत खरिद बिक्री सम्बन्धी सम्झौता सम्पन्न गर्न गरिएका प्रयास र प्रगती झल्किने विवरण ।
२. वित्तिय व्यवस्था तथा विद्युत खरिद बिक्री सम्बन्धी सम्झौता सम्पन्न गर्नका लागि आवश्यक समय तालिका सहितको कार्यतालिका ।
३. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (चौथो संशोधन समेत) को दफा १६ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम आयोजनाको जडित क्षमता मुताविक प्रति बर्ष प्रति किलोवाट रु. १०० का दरले हुन आउने दस्तुर रु. १०,४८,६०० (५२४३ कि.वा. X रु.१०० X २ बर्ष = रु. १०,४८,६००), कोभिड १९ को महामारीका कारणले जलविद्युत क्षेत्रमा सिर्जित समस्याहरु समाधान गर्ने सम्वन्धमा गठित कार्यदलको सिफारिश बमोजिम ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय (मा. मन्त्रीस्तर)बाट मिति २०७९/२/२६ मा भएको निर्णय बमोजिम थप आर्थिक दायित्व नपर्ने गरी भन्ने बमोजिम रु. ५,२४,३०० (५२४३ कि.वा. X रु.१०० X १ बर्ष = रु. ५,२४,३००) र आयोजनाको PPA र FC सम्पन्न गरी पेश गर्नुपर्ने म्याद थप पाउन निवेदन पेश नभएको देखिंदा ऐ. निर्देशिका, २०७५ (चौथो संशोधन समेत) को दफा १६ को उपदफा (१क) मा भएको व्यवस्था बमोजिम प्रति बर्ष प्रति किलोवाट रु. २५ का दरले हुन आउने दस्तुर रु. ३,९३,२२५ (५२४३ कि.वा. X रु.२५ X ३ बर्ष = रु. ३,९३,२२५) गरी जम्मा रु. १९,६६,१२५ अनुमतिपत्रको अतिरिक्त दस्तुर बुझाएको रसिद ।
४. आयोजना निर्माणका सन्दर्भमा हालसम्म भएका कार्यको कार्य प्रगती विवरण ।

..............................
(दुर्गा नारायण भुसाल)
ईन्जिनियर

बोधार्थः
श्रीमान् महानिर्देशक ज्यू, विद्युत विकास विभाग ।